

**के तपाईको घर पानीले रसाएको छ ?**
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं २ गते बिहीबार ❑ 18 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## न्यायाधीश, वकिल, कानुन व्यवसायी सबैमा उच्च नैतिकता आवश्यक छ : प्रम देउवा

**रासस**
**काठमाडौं, १ भदौं**

प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा ऐन, नियम, कानुन र अदालतको सङ्ख्या पर्याप्त भएर मात्र जनताले शीघ्र न्याय पाउने भन्ने कुराको ग्यारेन्टी गर्न नसकिने बताउनुभएको छ।

उहाँले यसका लागि अदालत र न्यायाधीश सक्षम, स्वतन्त्र र निष्पक्ष हुनुका साथै न्यायाधीश, वकिल, कानुन व्यवसायी सबैमा सकारात्मक सोच र उच्च नैतिकता हुन आवश्यक रहेको उल्लेख गर्नुभएको छ। मुलुकी संहिता दिवस, २०७९ को अवसरमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा बुधबार यहाँ आयोजित कार्यक्रममा उहाँले मुलुकी संहिताहरूको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गरी आमजनतालाई सरल र छिटो छरितो रूपमा न्याय प्रदान गर्न सबैले आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्ने बताउनुभयो । अदालतलाई सबै किसिमका दबाब, प्रभाव र विकृतिबाट मुक्त राख्दै स्वतन्त्ररूपमा न्याय सम्पादन गर्नसक्ने वातावरण निर्माण गर्न सबैको सहयोग आवश्यक रहेको प्रधानमन्त्री देउवाको भनाइ थियो।

विसं २०७५ भदौ १ गते तत्कालीन मुलुकी संहितालाई प्रतिस्थापन गरी मुलुकमा नयाँ फौजदारी र देवानी संहितालगायतका महत्वपूर्ण कानुन कार्यान्वयनमा ल्याइएको थियो । सोही दिवसको सम्झनामा प्रत्येक वर्ष भदौ १ गतेलाई मुलुकी संहिता दिवसको रूपमा मनाइदै आइएको छ । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा नेपालमा पहिलो पल्ट विसं १९१० पुसमा मुलुकी संहिता जारी भएको थियो । राणाले तत्कालीन अवस्थामा बेलायत र फ्रान्सलगायतका मुलुकको भ्रमणपश्चात् ती युरोपेली विभिन्न मुलुकको न्याय संहिताबाट प्रभावित भई सो मुलुकी ऐन जारी गरेका थिए।

पुराना कानुनी रीतिरिवाज र प्रथालाई परिवर्तन गर्दै तत्कालीन सामाजिक, न्यायिक प्रणालीलाई व्यवस्थित गर्न उक्त मुलुकी ऐनको ठूलो महत्व छ। पछि राजा महेन्द्रको पालामा त्यसमा आमूल सुधार गर्दै नयाँ मुलुकी संहिता जारी भई नेपाल आधुनिक न्याय सम्पादन प्रणालीको युगमा प्रवेश गरेको थियो । मुलुकमा गणतन्त्र र लोकतन्त्रको स्थापनापश्चात् न्याय प्रणालीमा पनि तदनुसार समसामयिक परिवर्तन गरी चुस्त तुल्याउने उद्देश्यले अन्तर्राष्ट्रिय मूल्य मान्यतालाई समेत आत्मसात् गरी विसं २०७४ मा मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताको अलग अलग विधेयक तयार गरी तत्कालीन व्यवस्थापिका-संसद्मा पेश गरिएकोमा संसद्बाट ती संहितासम्बन्धी विधेयक २०७५ साल भदौ १ गतेबाट लागू हुने गरी पारित भएको थियो। यसरी आजको दिन मुलुकको न्यायप्रणालीको विकासको दृष्टिले हेर्दा दूरगामी महत्व राख्ने दिन हो।

## नेपाल इयुको हवाई प्रतिबन्धबाट छिट्टै हट्छ : पर्यटनमन्त्री श्रेष्ठ

**रासस**
**काठमाडौं, १ साउन**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले नेपालले हवाई सुरक्षा मापदण्ड पूरा गरेकाले युरोपेली सङ्घ (इयु) को हवाई प्रतिबन्ध सूचीबाट छिट्टै हट्ने विश्वास व्यक्त गर्नुभएको छ।

नेपाल हवाई यातायात नियन्त्रक सङ्घले बुधबार यहाँ आयोजना गरेको २१ औँ वार्षिक साधारणसभामा उहाँले हवाई उड्डयन सुरक्षाको क्षेत्रमा नेपालले उल्लेख्य प्रगति गरेकाले नेपाललाई इयुले सुरक्षा सूचीमा राखिरहन नपर्ने धारणा राख्नुभयो।

मन्त्री श्रेष्ठले नेपालको हवाई सुरक्षा मापदण्ड कार्यान्वयनबारे अन्तर्राष्ट्रिय प्रतिवेदनमा 'विश्वको औसतभन्दा राम्रो' अवस्था देखिएकाले इयुले आफ्नो निर्णयबारे पुनर्विचार गर्ने बताउनुभयो । अन्तर्राष्ट्रिय नागरिक उड्डयन प्राधिकरण (आइकाओ)को परीक्षणमा नेपालको उड्डयन सुरक्षा मापदण्ड कार्यान्वयनको औसत दर ७०.१ प्रतिशत देखिएको थियो । इयुको प्रतिनिधिमण्डल छिट्टै नेपाल आएर स्थलगत अनुगमन गरी हवाई प्रतिबन्ध सूचीसम्बन्धी निर्णय पुनर्विचार गर्ने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। इयुको हवाई प्रतिबन्ध सूचीमा रहनु नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठासँग जोडिएको विषय रहेको भन्दै मन्त्री श्रेष्ठले प्रतिबन्ध फुकुवासँगै नेपाली विमान युरोपका आकाशमा उड्न पाउने बताउनुभयो । सन् २०१३ यता इयुले हवाई प्रतिबन्ध सूचीमा नेपाललाई राखेको छ भने आइकाओले सन् २०१७ देखि प्रतिबन्ध फुकुवा गरेको छ। मन्त्री श्रेष्ठले हवाई सेवालाई सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन सरोकारवाला सबै जिम्मेवार हुनुपर्ने बताउनुभयो।

## माओवादी केन्द्रसँग एकता गर्ने एकीकृत समाजवादीको निर्णय

**रासस**
**काठमाडौं, १ भदौं**

नेकपा (एकीकृत समाजवादी) ले नेकपा (माओवादी केन्द्र)सँग पार्टी एकता प्रक्रिया अघि बढाउने भएको छ।

सो पार्टीको बुधबार बसेको सचिवालयको बैठकले त्यसबारे नीतिगत निर्णय गरेको पार्टीका महासचिव डा वेदुराम भुसालले जानकारी दिनुभयो।



बैठकले एकता संयोजनका लागि समिति बनाउने र थप निर्णय गर्दै जाने पनि सहमति दिएको छ।

एकताका लागि (माओवादी केन्द्र)ले यसअघि नै निर्णय गरिसकेको थियो।

नेकपा (एमाले) बाट विभाजन भई गत भदौ ९ गते दर्ता भएको एकीकृत समाजवादीले उक्त दिन स्थापना दिवस मनाउने निर्णय पनि गरेको छ भने आउँदो प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि उम्मेदवारको मापदण्डबारे पनि बैठकमा छलफल भएको छ।

## पर्यटकले पृथ्वीनारायण शाहसँग तस्बिर खिच्न पाउने

**पोखरापत्र संवाददाता**
**गोरखा, १ भदौं**

ऐतिहासिक गोरखा दरबार सङ्ग्रहालय परिसरमा अबदेखि नेपाल एकीकरणका अभियानकर्मी तथा राष्ट्रिय एकताका प्रतीक तत्कालीन राजा पृथ्वीनारायण शाहसँग बसेर तस्बिर खिच्न पाइने भएको छ।

ऐतिहासिक क्षेत्र संरक्षण तथा विकास समितिले तल्लो दरबारको मूलगेटमा नक्कली पृथ्वीनारायण शाहको स्वरुपको प्रतिविम्ब खडा गर्ने व्यवस्था गरेपछि दरबार सङ्ग्रहालय पुग्ने आन्तरिक तथा बाह्य पर्यटकले पृथ्वीनारायण शाहको प्रतिविम्बसँग बसेर तस्बिर खिचाउन पाउने भएका हुन्। सङ्ग्रहालयमा आजदेखि 'प्रतिविम्बमा श्री ५ पृथ्वीनारायण शाह' शुभारम्भ भएसँगै पृथ्वीनारायण शाह र कालु पाँडेको भेषमा सजिएर एक/एक जना व्यक्ति नियमितरुपमा दरबारको परिसरमा रहने व्यवस्था गरिएको समितिका सल्लाहकार राजुबाबु श्रेष्ठले जानकारी दिनुभयो।

"पृथ्वी नारायण शाह र कालु पाँडेको पोसाकसहितको प्रतिविम्बमा बसेर तस्बिर खिच्नका लागि शुल्कको समेत व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो, "यसबाट ऐतिहासिक गोरखा जिल्लाभित्र आउने पर्यटकलाई तत्कालीन राजा पृथ्वीनारायण शाह र कालु पाँडेका विषयमा जानकारी समेत प्राप्त गर्ने अवसर प्राप्त हुनेछ ।" पृथ्वीनारायण शाहसँग फोटो खिच्न स्थानीयले रु २० तिर्नुपर्नेछ भने जिल्ला बाहिरका र विदेशी पर्यटकले रु ५० तिर्नुपर्ने व्यवस्था गरिएको छ।

पृथ्वीनारायण शाहको प्रतिविम्बका रुपमा स्थानीय ओमबहादुर श्रेष्ठ दैनिक सात घण्टा सो भेषमा सङ्ग्रहालयमा रहने उहाँले जानकारी दिनुभयो। त्यस्तै राजाका सहयोगी कालु पाँडेको समेत प्रतिविम्बका रुपमा अर्का एक व्यक्ति पनि नियमितरुपमा सङ्ग्रहालय परिसरमा रहने सल्लाहकार श्रेष्ठले जानकारी दिनुभयो।

'प्रतिविम्बमा श्री ५ पृथ्वीनारायण शाह' कार्यक्रमको शुभारम्भ गर्दै गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगरले यहाँ रहेका ऐतिहासिक विषयबस्तुलाई देश तथा विदेशमा पुऱ्याएर जिल्लाभित्र आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन नगरपालिकाले पहल र प्रयास गरिरहेको बताउनुभयो । उहाँले विकास समितिले गरेको कामको प्रशंसा गर्दै नगरपालिकाबाट आवश्यक सबै प्रकारको सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

## निर्वाचन सुरक्षा योजना बनाउन आयोगको निर्देशन

**रासस**
**काठमाडौं, १ भदौं**

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते एकै चरणमा सम्पन्न हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकारलाई आज चार बुँदे निर्देशन दिएको छ।

आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा गृह मन्त्रालयलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ४ बमोजिमको सुरक्षा योजना तयार गरी आयोगमा उपलब्ध गराउन निर्देशन दिएको हो।

त्यसैगरी गत वैशाख ३० गतेसम्म सम्पन्न विभिन्न निर्वाचनबाट उपलब्ध तथ्य, तथ्याङ्कसमेतका आधारमा मतदान कार्यमा विभिन्न खालका अवरोध सृजना भएका अति संवेदनशील तथा संवेदनशील मतदानस्थल तथा मतदान केन्द्रको तथ्यगत विवरण तयार गरी सोहीअनुसारको सुरक्षा योजनाको प्रबन्ध गरी कुनै पनि मतदान केन्द्रमा मतदान कार्यमा अवरोध नहुने अवस्थाको सुनिश्चितता हुने गरी विस्तृत सुरक्षा योजना तयार गरी तदनुसार सुरक्षाकर्मी खटनपटनको प्रभावकारी व्यवस्था मिलाउन निर्देशन दिएको हो। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार विशेष कारणवश कुनै पनि मतदान केन्द्रमा मतदान कार्यमा अवरोध हुने वा गर्ने स्थिति सिर्जना हुन गएमा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ५० बमोजिम आवश्यक कारबाही हुने व्यहोराको जानकारी सबै सुरक्षा निकायलाई अग्रिमरूपमा दिन, सुरक्षा व्यवस्थापनमा सुरक्षाकर्मी कम हुने अवस्था भएमा सुरक्षाको थप व्यवस्थाका लागि सेवा निवृत्त तालिम प्राप्त नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय सेवादल र स्थानीय तहका नगर प्रहरी तथा स्थानीय तह निर्वाचन, २०७९ मा भर्ना गरिएका तालिम प्राप्त जनशक्तिलाई निजहरू सेवा निवृत्त हुँदाका तत्‌तत् पदअनुसार नियुक्ति दिई परिचालन गरी निर्वाचन सुरक्षा व्यवस्था मिलाउन पनि निर्देशन दिएको छ।

## छोरा छोरी सरकारी विद्यालयमा पढाएमा शिक्षामा सुधार हुन्छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौं**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सरकारी नुन पानी खानेहरुले सरकारी विद्यालयमा आफ्ना छोरा छोरी पढाएमा शिक्षामा सुधार हुने बताउनु भएको छ।

पोखरा १६ लामाचौर स्थित इन्द्रराज्यलक्ष्मी माविको ६९ औं बार्षिकोत्सव तथा अभिभावक दिवस एवं बृहत शैक्षिक प्रर्दशनीको बुधबार एक समारोहका बिच उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो। सरकारी विद्यालयहरुको शिक्षामा विस्तारै सुधार हुदै आएको बताउदै मन्त्री बरालले सरकारी शिक्षामा थप गुणस्तर कायम गर्न सरकारी नुन पानी खानेहरुले कम्तिमा सरकारी विद्यालयमा आफ्ना छोरा, छोरी तथा नाति नातिनाहरु पढाउने सिस्टम गर्न सके राम्रो हुने बताउनु भयो। उहाँले निजी विद्यालयहरुको बिरोध गर्नु भन्दा सरकारी विद्यालयमा सुधार गर्न तर्फ सबैको ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिनु भयो।

सिपयुक्त शिक्षा आजको आवश्यकता भएको बताउदै मन्त्री बरालले श्रोतसाधनलाई ठिक ढंगले प्रयोग गरी उद्यमशिल तथा स्वरोजगार हुने बताउनु भयो। साथै उहाँले रैथाने जातिका छोराछोरीलाई समेत आफ्नो नजिकको विद्यालयमा पढाउनु पर्नेमा जोड दिनु भयो।

माओबादी केन्द्रका केन्द्रिय सदस्य समेत रहनु भएको मन्त्री बरालले संघ सरकारले प्रदेशहरुलाई दिनुपर्ने अधिकार नदिएको कारण पछिल्लो समयमा संघीयता माथि नै प्रश्न उठन थालेको बताउनु भयो । विद्यार्थीहरुले मेहनत गरी निर्माण गरेको शैक्षिक प्रर्दशनीको निकै चासोका साथ अवलोकन गर्दै मन्त्री बरालले बिद्यालयमा हाल आवश्यक भएको प्रशासनिक भवन तथा सभाहल निर्माणमा थप सहयोग गर्ने बताउनु भयो।

नेपाल सरकारका पूर्व सचिव बाबुराम आचार्यले भुगोल सुहाउदो प्राविधिक, नैतिक, सिप, उद्यमशिलता हुने शिक्षा आवश्यक भएको बताउनु भयो । पोखरा १६ का वडा अध्यक्ष अमृत शर्मा तिमिल्सिनाले ५ बर्षको अन्तरालमा मन्त्री बरालको पहलमा पहिलो पटक प्रदेशबाट उत्तः विद्यालयमा बजेट विनियोजन भएकोमा खुशी व्यक्त गर्दै थप सहयोग गर्न आफुहरु समेत तयार भएको बताउनु भयो। पोखरा १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले मजदुर, अस्थायी बसोबास गर्नेका छोराछोरीहरु बढी अध्ययन गर्ने उक्त बिद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न कठिन हुने गरेको बताउनु भयो। नव आर्दश सामुदायिक विकास समाजका अध्यक्ष रेश्मा शेरचन अधिकारीले उक्त बिद्यालयमा उल्लेखनिय रुपमा शैक्षिक सुधार भएको दाबी गर्नु भयो । विद्यालय व्यबस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष दील बहादुर थापा, शिक्षक सिता पौडेल, विद्यार्थी सृष्टिका खड्का लगायतले शिक्षाको बारेमा वोलेको विद्यालयका प्राचार्य केशव प्रसाद अर्म्गाँईले बताउनु भयो । २०१० सालमा स्थापना भएको विद्यालयमा हाल ९ सय ३१ जना विद्यार्थी, ४८ जना कर्मचारी रहेको विद्यालयले जनाएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# नवौं राष्ट्रिय खेलकुद अपनत्व लिएर सफल पार्नुपर्छ : खेलकुदकर्मी

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सबैले अपनत्व लिएर सफल पार्नुपर्ने विभिन्न जिल्लाका खेलकुदकर्मीले जोड दिएका छन् । उनीहरुले चार दशकपछि गण्डकीमा हुने राष्ट्रियस्तरको मेघा इमेन्ट सफल पार्नु प्रदेशवासीको दायित्वसमेत रहेको बताए ।



खेल मैदान अवलोकनका लागि विभिन्न जिल्लामा पुगेको खेलमैदानव्यवस्थापनउप-समितिको प्रतिनिधिमण्डलसँग उनीहरुले जिल्लामा कम्तीमा एक खेल हुनुपर्ने र यसले खेलकुदका अलावा पर्यटकीय गतिविधिलाई समेत टेवा मिल्ने बताए । टोलीले नवलपुर, गोरखा र तनहुँ जिल्लाका विभिन्न स्थानमा सम्भावित खेलमैदान अवलोकन गरेको हो । खेलमैदान व्यवस्थापन उपसमिति संयोजक राजेश गुरुङले चार दशकपछि हुन लागेको प्रतियोगिताले जिल्लावासीमा उत्साह देखिएको प्रतिक्रिया दिए । खेल पूर्वाधार रहेका जिल्लामा बसोबास, अस्पताल, यातायात र सुरक्षाका विषयलाई ध्यानमा राख्दै कुन जिल्लामा कुन खेल सञ्चालन गर्ने भन्ने निर्णय भदौ १५ भित्र टुंगिने जानकारी दिए । यसैबीच, जिल्ला खेलकुद विकास समिति तनहुँले सदरमुकाम दमौलीमा आयोजना गरेको अन्तरर्क्रियामा व्यास ६ का वडाध्यक्ष जीवन गुरुङले राष्ट्रिय खेलकुद व्यासमा सञ्चालन गर्न आफ्नो नगरपालिका सकारात्मक रहेको बताए । उनले आफ्नो जिल्लामा कुनै एक खेलमात्रै सञ्चालन भयो भने खेलसँगै अन्य विभिन्न क्षेत्रमा पनि प्रत्यक्ष अप्रत्यक्ष फाइदा पुग्ने विश्वास व्यक्त गरे । व्यास ९ का वडाध्यक्ष एवं नगरपालिका खेलकुद समिति सभापति सुरेश थापाले नवौंको लागि जिल्लामा अन्तर्राष्ट्रिय मापदण्डको बास्केटबल कोर्ट बनेको हुँदा तनहुँमै सो खेल संचालन गर्न उपयुक्त हुने दाबी गरे । व्यास २ का वडाध्यक्ष अनुप रानाले प्रतियोगितामा समन्वय गर्न आफूहरु तयार रहेको बताए । कार्यक्रममा जिल्ला भलिबल संघका अध्यक्ष पदम सुनार, तनहुँ जिल्ला टेक्वान्दो संघका अध्यक्ष आकाश घर्तीमगर, एथलेटिक्स खेलाडी प्रेरणा ढकाल, प्रेमबहादुर थापा, कबड्डी खेलाडी सन्देश रानाले जिल्लामा खेलकुदका पूर्वाधार र प्रशिक्षकको व्यवस्था हुनुपर्नेमा जोड दिए । जिल्ला खेलकुद विकास समिति अध्यक्ष अनिल पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कराते प्रशिक्षक मणिराज थापा मगर र सञ्चालन कार्यालय प्रमुख शिवहरि पौडेलले गरेका थिए । टोलीले दमौली रंगशाला, निर्माणाधीन कभर्ड हल, निर्मल माविको टेनिस कोर्ट लगायतका खेलस्थल अवलोकन गरेको हो ।

यसैबीच, टोलीले गोरखा रंगशालास्थित कर्भडहल तथा रंगशाला मैदान अवलोकन गरेको छ । त्यहाँ आयोजित कार्यक्रममा खेलकुदकर्मीले जिल्लामा खेलकुदका संरचना सुहाउँदो कम्तीमा एउटा खेल सञ्चालनको जिम्मेवारी दिन आग्रह गरे ।

गोरखा नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख विश्वनाथ वाग्लेले जिल्लामा प्राविधिक हिसाबले उपयुक्त भएका खेल सञ्चालन हुनुपर्ने बताए । उनले पालिकाले प्रतियोगितालाई सम्झनलायक प्रतियोगिता बनाउन आफ्नो तर्फबाट सकेको सहयोग गर्न तयार रहने प्रतिबद्धता व्यक्त गरे । नेपाल खेलकुद महासंघ गोरखाका अध्यक्ष दीपक भण्डारीले पूर्वाधार सुहाउँदो संख्यात्मकभन्दा गुणात्मक खेल सञ्चालन गर्दा त्यसले राम्रो सन्देश जाने बताए । जिल्ला खो-खो संघ गोरखाका अध्यक्ष राजकुमार श्रेष्ठले गोरखा आफैमा ऐतिहासिक, पर्यटकीय जिल्ला रहेको र प्रतियोगिताका माध्यमबाट खेल पर्यटन भित्र्याउन मद्दत पुग्ने उल्लेख गरे ।

जिल्ला भलिबल संघका सचिव राजुबाबु श्रेष्ठले समग्रमा राज्यले खेलकुदलाई राम्रोसँग हेर्न नसकेको अवस्था रहेको भन्दै यसलाई सुधार्न आवश्यक रहेको औल्याए । नेपाली कांग्रेस जिल्ला सदस्य तथा हान गण्डकीका महामन्त्री मनप्रसाद धितालले नवौं राष्ट्रिय खेलकुदलाई आफूले ऐतिहासिक जिल्लामा फेरि अर्को इतिहास कोर्ने अवसरका रुपमा लिएको उल्लेख गर्दै खेलकुदले कोरोनाले थलिएको पर्यटनलाई उठाउन मद्दत पुग्ने बताए । नेकपा (माओवादी केन्द्र) का राजन आलेमगरले ऐतिहासिक जिल्लालाई खेलकुदको माध्यमबाट चिनाउने अवसर आफूहरुले पाउनुपर्ने बताए । राप्रपा नेपालका जिल्ला अध्यक्ष कुलबहादुर बस्नेतले प्रतियोगितालाई सम्पन्न गर्न पार्टीभन्दा माथि उठेर मन, वचन र कर्मले सहयोगका लागि आग्रह गरे । गोरखा उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार श्रेष्ठले जिल्लाका हरेक खेलकुदका गतिविधमा आफूहरुको साथ रहेको भन्दै यसपटक पनि रहने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा नेपाल सितेरियो कराते प्रशिक्षक ग्यालजेन लामा, द्रव्य शाह बहुमुखी क्याम्पसका 'फिजिकल' प्रशिक्षक केशव रेग्मी, हरमटारी युवा क्लवका अध्यक्ष किरण ढकाल लगायतले गोरखामा सञ्चालन हुने जुनसुकै खेलको क्लोज क्याम्प गोरखामा नै सञ्चालन गर्न उनीहरुले माग गरे । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष शान्तसिंह बस्नेतको अध्यक्षतामा भएको कायक्रमको सञ्चालन कार्यालय सचिव पञ्चसिंह राईले गरेका थिए । टोलीले यसअघि नवलपुरको कावासोती नगरपालिकाका विभिन्न खेलमैदान अवलोकन गरेको थियो । नवौं राष्ट्रिय खेलकुद गण्डकीमा आगामी असोज २८ देखि कात्तिक ३ सम्म हुँदैछ । प्रतियोगितामा ३६ खेलका ४ सय ७ इभेन्टमा प्रतिस्पर्धमा हुनेछ ।



पोखराको चिपलेढुङ्गास्थित नगेन आर्ट एकेडेमीमा अल्कोहल कलरबाट कला कोर्दै कलाकार नगेन सिंह । सिंहले गाईजात्रा एवम् कृष्ण जन्माष्टमीका अवसरमा गाई शीर्षकमा प्रदर्शनी गर्नुभएको छ । तस्बिर : वासुदेव पौडेल/रासस

# मुक्ति समाज गण्डकीको प्रथम सम्मेलन पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

ने.क.पा.(एमाले) को मोर्चा संगठन नेपाल उत्पीडित जातिय मुक्ति समाज गण्डकी संगठन कमिटीको प्रथम सम्मेलन पोखरामा हुने भएको छ ।

भदौ ४ गते पोखराको उद्योग बाणिज्य संघको सभाहलमा आयोजना हुने सम्मेलनमा गण्डकी प्रदेशका ११ वटै जिल्लाबाट ५ सय १४ जना प्रतिनिधिले भाग लिने कार्यक्रम रहेको छ । मुक्ति समाज केन्द्रीय कमिटीको काठमाण्डौमा हालै सम्पन्न छैठौं राष्ट्रिय सम्मेलन पछि देशभरिका ७ वटै प्रदेश सम्मेलन हुने क्रममा मधेश प्रदेशको सम्मेलन सम्पन्न भैसकेको छ । गण्डकीका ९ वटा जिल्लाबाट प्रतिनिधि छनौट भैसकेको छ । सम्मेलनलाई ने.क.पा.(एमाले) का केन्द्रीय सचिव एवं पूर्व मन्त्रि पदमा अर्यालले प्रमुख अतिथिको रुपमा सम्वोधन गर्ने र मुक्ति समाजका केन्द्रीय अध्यक्ष मनोहर वि.पौडेल सहितका नेताहरुले सम्वोधन गर्ने कार्यक्रम रहेको छ । समानता र समावेशी लोकतन्त्रलाई संस्थागत गर्न एवं प्रदेशको नयाँ नेतृत्व यो सम्मेलनले चयन गर्नेछ ।

# गौडाकोमुख टोल विकास संस्थाको अध्यक्षमा पुन: मानकाजी

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

पोखरा महानगरपालिका वडा नं १३ स्थित गौडाकोमखु टोल विकास संस्थाको १३ औं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशनले पुनः ई मानकाजी गुरुङलाई अध्यक्षमा पदमा सर्वसम्मत चयन गरेको छ ।




बुधवार भएको अधिवेशनले प्रथम उपाध्यक्षमा क्या. कृष्ण घले, द्धित्तिय उपाध्यक्षमा किर्ति वहादुर खत्री, तृत्तिय उपाध्यक्षमा भिम श्रेष्ठ, सचिवमा सु. कुम वहादुर गुरुङ, उपसचिवमा कृष्णराज पौडेल, कोषाध्यक्षमा क्या. एस वहादुर गुरुङ र सह कोषाध्यक्षमा सु.धनराज गुरुङ रहेका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश होम वहादुर गुरुङ, दिपेस श्रेष्ठ, तारा ढेवाजू, पारु हमाल र मिना कुमारी श्रेष्ठ चयन भएका छन् ।

वडा नं १३ का अध्यक्ष किरण वरालले अधिवेशनको उद्घाटन गर्दै सवै सकारात्मक सोच लिएर अगाडि बढ्नु पर्ने धारण राखे । समितिका अध्यक्ष ई. मानकाजी गुरुङ, समाजसेवी तथा बाल गोपाल भजन कृतन समितिका अध्यक्ष डम्वर वहादुर , गौडकोमुख टोल विकास संस्थापका अध्यक्ष हुम वहादुर गुरुङ, संस्थापक उपाध्यक्ष तथा कवि बामनप्रसाद ढेवाजू, संगम टोल विकास संस्था अध्यक्ष धर्मराज पौडेल, ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालका कुँडहर शाखाका प्रमुख अप्सरा लगायत वोलेका थिए ।

कार्यक्रममा सचिव किर्तिवहादुर खत्रीले प्रस्तुत गरेका सचिवको प्रतिवेदन कोषाध्यक्ष क्या. कृष्ण घले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित भएको छ । समितिका अध्यक्ष इ मानकाजी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष माधवनारायण श्रेष्ठले स्वागत गरेका थिए ।

# कालीगण्डकीद्वारा २० युनिट बिजुली नि:शुल्क

पोखरापत्र संवाददाता
वालिङ, १ भदौं

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले पालिकाभित्रका सबैलाई २० युनिट बिजुली निःशुल्क उपलब्ध गराउने भएको छ ।

गाउँपालिकाको बैठकले प्रत्येक घरधुरीले खपत गर्ने न्यूनतम २० युनिटसम्म बिजुली आफैले भुक्तानी गर्ने निर्णय गरेको हो । गाउँपालिकाले नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता गरी आर्थिक वर्ष २०७६/७७ देखि ६/६ महिनामा पालिकाभित्रका सबै घरधुरीमा खपत हुने न्यूनतम २० युनिट बराबरको रकम भुक्तानी गर्दै आएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो । 'गाउँपालिकाको मुख्य सडक र सबै घर उज्यालो कार्यक्रम'अन्तर्गत गाउँपालिकावासीलाई न्यूनतम २० युनिटसम्मको बिजुलीको महसुल आफैले ब्यहोर्दै आएको हो । गाउँपालिकाले प्राधिकरणलाई हालसम्म चार हजार ६ सय १६ घरधुरीलाई २० युनिटसम्मको खर्च ब्यहोर्दै आएको छ । "आर्थिक अभावका कारण कोही पनि नागरिकले अँध्यारोमा बस्न नपरोस् भनेर अभियान चलाएका हौँ", अध्यक्ष थापाले भन्नुभयो, "अभियानबाट अति विपन्न समुदायका नागरिक बढी लाभान्वित भएका छन् ।"

न्यूनतम २० युनिटसम्मको महसुल गाउँपालिकाले ब्यहोर्ने भएपछि एक हजार दुई सयदेखि एक हजार पाँच सय परिवारले थप रकम भुक्तानी गर्नुपर्ने नदेखिएको अध्यक्ष थापाले बताउनुभयो । बीस युनिटभन्दा माथि खपत भएको बिजुलीको महसुल उपभोक्ता स्वयम्ले भुक्तानी गर्नुपर्ने छ । गाउँपालिकाले पुराना काठका पोल हटाएर नयाँ मापदण्डका राखेको छ । गाउँपालिकाले इन्डक्शन चुल्हो वितरणमा जोड दिएको छ । ऊर्जा प्रवर्द्धन कार्यक्रमअन्तर्गत मुख्य सडक किनारमा ६० सोलार बत्ती जडान गरेको छ भने एक सय १० वटा विना सोलारका बत्ती जडान गरेको अध्यक्ष थापाले बताउनुभयो ।

कालीगण्डकीले सातवटै वडाका प्रत्येक घरधुरीमा बिजुली पुर्‍याएको छ । एक सय ४४ मेगावाटको कालीगण्डकी 'ए' जलविद्युत् परियोजना यही पालिकाको वडा नं ५, ६ र ७ मा पर्दछ । वडा नं ७ को मिर्मी बजारभन्दा केही तल बाँध बाँधेर जलाशय निर्माण गरी सुरुङमार्ग हुँदै वडा नं ५ को बेलटारीमा विद्युत् उत्पादन गृहमा पानी खसालिएको छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# 'बल्ल स्थानीय सरकारको आभाष भयो'

**पोखरापत्र संवाददाता**
**बागलुङ, १ भदौ**

भौगोलिकरूपमा विकटताका कारण परिवारका चार अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचयपत्र बनाउन नपाउनुभएकी रायडाँडा निवासी २३ वर्षीय दुर्गा सापकोटाले घुम्ती शिविरमा परिवारका सदस्यको परिचयपत्र पाउँदा हर्षका आँसु नै खसाल्नुभयो।

बाबु, आमा र दुई भाइ गरी परिवारका चार जना अपाङ्गताको लालनपालन गर्दै आएकी उहाँले अर्थाभावकै कारण अपाङ्गता परिचयपत्र बनाउन सक्नुभएको थिएन। "अहिलेसम्म अपाङ्गता परिचयपत्र बनाउन सकिएको थिएन, घरमा सडक पुगेको छैन, बोकाएर लैजान सम्भव भएन, सदरमुकाम लैजान खर्च थिएन", उहाँले भन्नुभयो, "वडा कार्यालयले अपाङ्गता परिचयपत्र बनाइदिने जनाउँदै शिविरमा बोलाएका कारण वडा कार्यालयमा आएका हौँ, अपाङ्गता परिचयपत्रका आधारमा राज्यले दिने आर्थिक सहायताले औषधि उपचारमा सहयोग हुने छ, म अत्यन्तै खुसी छु।" उहाँको चार जनामध्ये आमा सीताले 'क' वर्गको अपाङ्गता परिचयपत्र पाउनुभयो भने अन्य तीन जनाले 'ख' वर्गको अपाङ्गता परिचयपत्र पाउनुभएको बागलुङ नगरपालिकाका सामाजिक विकास अधिकृत सरस्वती रेग्मीले जानकारी दिनुभयो। यस्तै उच्च रक्तचापको समस्या झेलिरहनुभएका बागलुङ -१० भकुण्डेस्थित ७० वर्षीया तुलसी विक गाउँमै चापाचापको कामले गर्दा जिल्ला सदरमुका औषधि खरिदका लागि जान भ्याउनुभएको थिएन। उहाँको औषधि सकिनै लागेको समयमा नगरपालिकाले वडामै आयोजना गरेको घुम्ती शिविरमार्फत रक्तचापको औषधि दिएपछि उहाँले दङ्ग हुँदै उहाँले भन्नुभयो, "बल्ल स्थानीय सरकारको आभाष भयो।" उहाँमात्रै होइन, घुँडा सुन्निने र खुट्टा दुख्ने समस्यासँग जुध्नुभएका बागलुङ -११ रायडाँडा निवासी ६२ वर्षीया जमुना थापाले गाउँमै उपचारसहितको औषधि पाउनुभयो। नगरपालिकाद्वारा सञ्चालित घुम्ती सेवा शिविरमा स्वस्थ्योपचार गर्न आउनुभएको उहाँले गाउँमै औषधोपचार पाएकामा खुसी व्यक्त गर्नुभयो। यस्तै सामुदायिक भवन निर्माणका लागि रायडाँडाको शिविरमा योजना सम्झौता गर्न आउनुभएको यामबहादुर थापाले योजना सम्झौतासँगै शिविरमै बैंक खाता खोल्न पाउँदा अचम्मित पर्नुभयो। "नगरपालिकामा गएर योजना सम्झौता र बैंक खाता खोल्दा गत वर्ष दुई दिन लागेको थियो, सदरमुकाम आउजाउ गर्दा उस्तै खर्च भयो, बैंकमा खाता खोल्दा दुई घण्टा लाइन बस्नुपरेको थियो", उहाँले भन्नुभयो, "अहिले वडामै एकै दिनमा योजना सम्झौतासँगै बैंक खातासमेत खोल्न पाइयो, हामी नगरपालिका जान्थ्यौँ आज नगरपालिका हामीकहाँ आएको रहेछ, बल्ल सङ्घीयता आएजस्तो लाग्यो।" शिविरमै नगरपालिकाले सम्बन्धित बैंकका कर्मचारीलाई समेत लगेकाले शिविर निकै प्रभावकारी बनेको थियो।

बागलुङ नगरपालिकाको रायडाँडा र भकुण्डेका नागरिकलाई योजना सम्झौता गर्न, माटो परीक्षण गर्न र स्वास्थ्य सेवाका लागि समस्या भइरहेको सन्दर्भमा गाउँमै माटो परीक्षण, स्वास्थ्य शिविरमार्फत चिकित्सकद्वारा स्वास्थ्य सेवा लिन नागरिक दङ्ग देखिन्थे। शिविरमा पाठेघरको समस्या लिएर आउनेको सङ्ख्यासमेत उल्लेख्य पाइएको छ। यस्तै रायडाँडाका शेरबहादुर थापाका ठूली छोरी यामुना थापा र सानी छोरी रेनुका थापा बौद्धिक अपाङ्गता छन्। उनीहरूको अपाङ्गता परिचयपत्र नवीकरणका लागि सवारीसाधन 'रिजर्भ' नै गरेर सदरमुकामस्थित नगरपालिका पुग्नुपर्ने थियो। तर गाउँमै आयोजना गरिएको शिविरमार्फत अपाङ्गता परिचयपत्र प्राप्त गर्दा सहज भएको बताउनुभयो। "वडा कार्यालयबाट सबै सेवा नपाउने सदरमुकाम जान खर्चैखर्च लाग्ने अवस्था थियो, अहिले गाउँमै परिचयपत्र नवीकरण गर्न पाइयो, दुई छोरीको स्वास्थ्य परीक्षणसमेत गर्न पाइयो", शेरबहादुरले भन्नुभयो, "वडाबाटै नगरपालिकाको सेवा पाउँदा सहज भयो, आगामी दिनमा समेत यस्तै सेवा पाउन पाए हुन्थ्यो।"

आइतबार र सोमबार रायडाँडा र भकुण्डेमा सञ्चालित शिविरमा झण्डै छ सय सेवाग्राहीले लाभ उठाएको बागलुङ नगर उपप्रमुख राजु खड्काले बताउनुभयो। "पहिलो चरणमा बागलुङ नगरपालिकाको रायडाँडा र भकुण्डेमा शिविर सञ्चालन गरिएको छ, दोस्रो चरणको घुम्ती सेवा शिविर बलेवामा गरिनेछ", उहाँले भन्नुभयो, "चुनावको समयमा गाउँघरमा जाँदा नागरिकले योजना सम्झौता र बैंक खाता खोल्दै सास्ती खेपेको गुनासो गरेका थिए, हामी निर्वाचित भएर आइसकेपछि प्याकेजमै घुम्ती सेवा दिने निर्णय गर्यौँ, नागरिकलाई एकै दिन आफ्नो स्वास्थ्य परीक्षणदेखि योजना सम्झौतासम्मका सेवा दियौँ, पहिलो चरणमा नागरिकले उत्साहजनक सहभागिता जनाउनुमात्रै भएन सेवाबाट सन्तुष्टसमेत हुनुभएको छ।" घुम्ती सेवा शिविरबाट भकुण्डेका तीन सय ६१ र रायडाँडाका तीन सय २५ नागरिक विभिन्न सेवामार्फत लाभान्वित भएका छन्। दुईदिने शिविरमा चालु आवका २४ योजना सम्झौतासँगै बैंक खाता खोलिएको बागलुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले बताउनुभयो। शिविरमा सञ्चालित निःशुल्क स्वास्थ्य जाँच तथा उपचार सेवाबाट दुई दिनमा दुई सय ९५ लाभान्वित भएका छन्। जसमध्ये महिलाको पाठेघर जाँच र उपचार, पाठेघर खसेको समाधान, यौनजन्य रोगको उपचार तथा परीक्षण र परिवार नियोजना सेवा लिएका थिए। यस्तै दुई सय आठ जनाको मधुमेह सेवा परीक्षण गरिएको छ। शिविरबाट अधिकांश उच्च रक्तचाप र हाडजोर्नीका बिरामीले लाभ लिएको नगरपालिकाका जनस्वास्थ्य निरीक्षक रामप्रसाद खनालले जानकारी दिनुभयो।

यस्तै नयाँ र पुराना गरी ५८ जनालाई अपाङ्गता परिचयपत्र वितरण वितरण गरिएको छ। शिविरकै अवसरमा कृषि प्राविधिकले किसानको खेतबारीमै पुगेर माटोको गुणस्तर परीक्षण गरेका थिए। दुई वडामा २१ स्थानको माटोको नमूना परीक्षण गरिएको थियो। नगरका कृषि शाखा प्रमुख राहुल केसीका अनुसार रायडाँडामा माटोको गुणस्तर राम्रो देखिए पनि भकुण्डेको माटोमा अधिकांश अम्लियपन रहेको पाइएको जनाउनुभयो।

शिविरमा उपभोक्ता समिति, टोल विकास समिति र सर्वसाधारण गरी ८० जनालाई वित्तीय साक्षरता अनुशिक्षण दिइएको थियो। यस्तै बालमैत्री नगरपालिका घोषणा गर्नका लागि आवश्यक सूचक पूरा गर्नका लागि दुईवटै वडामा १५ सदस्यीय बालमैत्री स्थानीय शासन वडा समिति गठन गरिएको थियो। नगरबाट प्रवाह हुने सेवालाई घरदैलोमा पुऱ्याएर जनतालाई सहज सेवा दिने उद्देश्यले घुम्ती शिविरको अभियान थालिएको नगरपालिकाले जनाएको छ। दोस्रो चरणको शिविर यही भदौ ८ गते वडा नं १२ अमलाचौरबाट सुरु हुने नगरपालिकाले जनाएको छ।

# पोखरा-६ बैदाममा जेष्ठ नागरिक मञ्च गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**



पोखरा महानगर पालिका वडा नं-६ बैदाममा गिरीराज अधिकारीको अध्यक्षतामा १९ सदस्यीय नयाँ जेष्ठ नागरिक मञ्च गठन गरिएको छ। पोखरा महानगर पालिका वडा समितिको कार्यालय- ६ को आयोजनामा बुधबार वडा नं- ६ बैदाममा रहेका जेष्ठ नागरिकहरुको भेला गरि पहिलो पटक जेष्ठ नागरिक मञ्च गठन गरिएको हो।

मञ्चको उपाध्यक्षतामा तारा देवी पहारी, सचिव गुरुदत्त पहारी र कोषाध्यक्षमा गौमाया थापा मगर चयन भएकी छन।

तेसै गरि सदस्यहरुमा टेक बहादुर भण्डारी, कृष्णा बहादुर परियार, हरिशचन्द्र पहारी, चुडामणी अधिकारी, बाटुली पहारी, टिकाराम परियार, जमुना देवी पहारी, गंगा वहादुर भुजेल, कृष्ण कडेल, चाउरे जलारी, कृष्ण बहादुर खडका, लक्ष्मी भुजेल, हरिकला पहारी, नन्द कुमारी श्रेष्ठ, शिबराज आर्चाय र उमा देवी तिमिल्सीना चयन भएका छन। यस्तै गरि भेलाले वडा अध्यक्ष विष्णु बहादुर भट्टराईको अध्यक्षतामा वडा सदस्यहरु बासु बाराल, दिपेन्द्र पहारी, पवित्रा थापा, शोभाजालारी र वडा सचिव कुलराज पौडेल सहित पत्रकार गणेश पहारी, प्रशुराम पहारी, होमनाथ पहारी, सुर्यनाथ पहारी र लक्षण थापा रहेको ११ सदस्यीय सल्लाहकार समिति समेत गठन गरेको पोखरा महानगर पालिका वडा नं- ६ वडा सदस्य बासु बरालले जानकारी दिए।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगर पालिका वडा नं-६ का अध्यक्ष विष्णु बहादुर भट्टराईले 'जेष्ठ नागरिकहरु देशकै गहनाका रुपमा रहेकाले उनिहरुको मान सम्मान र हेरचाहमा सवै लाग्नु पर्ने बताए छन'। वडा कार्यलय बाट पाउँनु पर्ने सेवा सुविधाहरुलाई जेष्ठ नागरिकहरुको घर दैलोमा पुर्याउँनेमा आफु कटिबद्ध रहको बताउदै शौचालय सहित बाटो र पुटपाथहरुलाई जेष्ठ नागरिक मैत्रि बनाउने योजना रहेको सुनाए। जेष्ठ नागरिकहरुलाई गित संगितको माध्यमबाट मनोरञ्जनका दिने उद्देश्यले डाक्टरद्धारा स्वास्थ्य परिक्षण गर्नेका लागि आफुले एक लाख पचास हजार रुपैयाको बजेट विनियोजन गरेको उल्लेख गरे। पोखरा महानग पालिका वडा समितिको कार्यलयका वडा नं- ६ का सचिब कुलराज पौडेलले 'वडा कार्यालय ६ बैदाममा रहेका जेष्ठ नागरिक, आपाङ्ग, आदिबासी जनजाति र दलित गरि करिब १ हजार जति सदस्यहरुले वडा बाट सेवा सुविधा पाएको जानकारी गराए। सचिब पौडेलले सेवा सुविधा द्धारा लाभान्ति भएका जेष्ठ नागरिकहरुको हकहितका लागि वडा बाट पाउने सेवामा कुनै विभेत नगरेका सुनाए। उनले सवै जेष्ठ नागरिक हरुको घरघरमा प्रत्यक्षरुपमा जान नसकिने हुनाले जेष्ठ नागरिकहरुको पिरमर्का बुझ्ने माध्यम बनाउनका लागि जेष्ठ नागरिक मञ्च गठन गरिको बताए। नव निर्वाचित अध्यक्ष गिरिराज अधिकारीले 'जेष्ठ नागरिकाहरुको हकहितका लागि आफु सदैव प्रयत्नशिल भई लागि रहने बताए'। जेष्ठ नागरिकले वडा कार्यलयबाट पाउँनु पर्ने सेवा सुविधाका लागि वडा कार्यलय सगँ समन्वय गरि अगाडि बढ्ने प्रतिबद्धता ब्यक्त गरे।

# सिटीवान टेलिभिजनले सांस्कृतिक तीज गीत मेला गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**

गण्डकी प्रदेशको राजधानी पोखरामा मुख्य कार्यालय रहेको सटीवान टेलिभिजनले महिलाहरुको महान चाड तीजलाई मध्यनजर गर्दै सास्कृतिक तीज गीत प्रतियोगिता गर्ने भएको छ। "तीजको वेला सिटीवानको सास्कृतीक मेला, खुल्ला तीज गीत प्रतियोगिता-२०७९" नाममा टेलिभिजनले तीजका सास्कृतिक पक्षहरुको संरक्षण गर्ने उद्धेश्यले मेला आयोजना गरेको टेलिभिजनले जनाएको हो।

टेलिभिजनका प्रवन्ध निर्देशक अनिशा श्रेष्ठले पछिल्लो समयमा डिजिटल प्रविधिको प्रयोकका कारण नेपालीहरुका कतिपय संस्कृतिहरु लोप हुन लागेको भन्दै सबैको संस्कृती संरक्षणमा टेलिभिजन लाग्ने धारणा राख्नुभयो। जस अनुसार आउँदो भाद्र १० गते शुक्रवार मौलिक खुल्ला तीजगीत प्रतियोगिता आयोजना गर्न लागेको पनि उहाको भनाई थियो। प्रतियोगितामा विशुद्ध नेपाली तीज प्रचलनका गीत र परिवेशलाई मान्यता दिदै तीजलाई तीज जसरि नै मनाउनका लागि मेला आयोजना गरिएको प्रवन्ध निर्देशक श्रेष्ठको भनाई थियो। उहाले भन्नुभयो- "सिटीवानले हिन्दु नेपाली महिलाहरुले मनाउने तीज कस्तो हुनु पर्छ, दर सस्कृती के हो आदी विषयमा जानकारी दिदै हामीले प्रत्येक वर्ष मेला आयोजना गर्ने लक्ष्यका साथ पहिलो मेला संचालन गर्न लागेका हौं।" करिव ५० समुहको सहभागिता रहने अनुमान गरिएको सो प्रतियोगीतामा विपत् व्यवस्थापनमा महिलाको भूमिका, महिला हिंसा, पर्यटन प्रर्बदन, सरसफाइ, वैदेशिक रोजगार, उधमशिलता, तथा लागु पदार्थ दुर्व्यसनी जस्ता सामाजिक बिषयलाइ प्राथमिकतामा राखेर आयोजना गरिने भएको छ।

भदौको १० गते सुक्रवार पोखरा उद्योग वाणिज्य संघमा हुने कार्यक्रमा प्रथम पुरस्कार ५० हजार, द्धितिय पुरस्कार ३० हजार, तृतिय पुरस्कार २० हजार, शान्त्वना पुरस्कार १० हजार, उत्कृष्ट नृत्य ५ हजार, उत्कृष्ट भेषभुसा ५ हजार, उत्कृष्ट शब्द ५ हजार रहेको छ।

मंगलवार एक विज्ञप्ती जारी गर्दै पछिल्लो अवस्थामा तीज सस्कृतीको लोप हुन लागेको भन्दै मेला आयोजना गर्न लागेको टेलिभिजनका अध्यक्ष पवन कुमार प्रजापतीले जानकारी दिनुभयो। उहाले टेलिभिजन स्थापना पनि राजनीति भन्दा माथि उठेर समाजको आर्थिक, सामाजिक र सास्कृतिक उन्नतीका लागि सहकार्य गर्ने मुख्य उद्धेश्य रहेको जानकारी दिनुभयो। उहाले भन्नुभयो-"गण्डकी प्रदेशमा सञ्चालन भएको टेलिभिजनले नेपालका विभिन्न संस्कृतिको संरक्षण र जर्गेना गर्दै समाजका हरेक उत्कृष्ट विषयहरुलाई आफ्नो विषय बनाएर सार्वजनिक कार्यक्रमहरु पनि आयोजना गर्ने उद्धेश्य लिएको छ।"

मेलाको कार्यक्रम स्थलमा दिर्घायू अस्पतालको सहकार्यमा वृहत हेल्थ क्याम्प संचालन हुने छ भने भाद्रको पहिलो हप्ता तीज संस्कृति र आजको आवश्यकता शीर्षकमा प्रदेश स्तरीय राउण्ड टेवल कार्यक्रम संचालन गर्ने मेला संचालन सल्लाहकार संयोजक चिनु गुरुङले जानकारी दिनुभयो। उहाका अनुसार मेलामा सहभागी सवैलाई दर संस्कृतीको वारेमा जानकारी दिने कार्यक्रम समेत रहेको छ। कार्यक्रम सम्पन्न गर्न करिव १२ लाख खर्च हुने छ भने सहभागी समुहलाई निशुल्क टिम दर्ताको आव्हान पनि गरिएको छ। सहभागी सवै समुहलाई यातायात भाडाको व्यवस्था गरिएको कार्यक्रम संयोजक सरला त्रिपाठीले जानकारी दिनुभयो।

# मुग्लिन-पोखरा सडक विस्तार : पहिलो वर्षनै प्रगति न्यून

**-सञ्चिता घिमिरी**
**काठमाडौं, १ भदौ**

ठेक्का अवधिको एक वर्ष बित्नै लाग्दा पृथ्वीराजमार्ग (मुग्लिन-पोखरा) सडकको हालसम्मको प्रगति दुई प्रतिशतको हाराहारी छ। चार लेन विस्तारका लागि दुई प्याकेजमा ठेक्का सम्झौता भएकामा एउटामा प्रगति एक प्रतिशत र अर्कोमा तीन दशमलव पाँच प्रतिशत छ।

सो सडक चार लेनमा विस्तार गरिने भएपनि बजारमा थप दुई लेन 'सर्भिस लेन' निर्माण गरिने सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापाले जानकारी दिनुभयो। मादी नदीमा चार लेनको नयाँ पुल बनाइने भएको छ। हाल रहेको पुल पुरानो भएको र आयू कम भएकाले हेर्दा आकर्षक पुल निर्माण गर्न लागिएको हो। जम्मा ८० दशमलव ३३ किलोमिटर लम्बाइको सडकको स्तरोन्नति विसं २०७६/७७ मा सुरु भएको थियो।

सो योजनाको अवधि आव २०८५/८६ सम्म रहेको छ। ठेक्का अङ्कअनुसार योजनाको लागत १३ दशमलव ६२ अर्ब छ। मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) अर्थात आबुखैरेनीबाट-जामुने भञ्ज्याङसम्मको निर्माणको ठेक्का चाइना कम्युनिकेशन कम्पनी लिमिटेडलाई दिइएको थियो। सो ठेक्काको सम्झौता विसं २०७८ वैशाख २ गते भएको थियो। कूल ४१ दशमलव ४५ किमीमध्ये एक दशमलव ५२ किमी सहरी क्षेत्र र गैर सहरी क्षेत्रमा ३९ दशमलव ९३ किमी छ। पहिलो ठेक्कामा वित्तीय प्रगति मोबिलाइजेसन पेश्किसहित १५ प्रतिशत थियो। निर्माण सुरु भएको आठ नौ महिना गइसकेको भए पनि निर्माणको गति कम देखिएको महानिर्देशक थापाले बताउँनुभयो। सो ठेक्कामा तीन वर्ष निर्माण, एक वर्ष मर्मत र त्यसपछि पाँच वर्ष सम्भारको अवधि गरी जम्मा नौ वर्षसम्म कम्पनीसँग सम्झौता रहने छ। निर्माण गरेकै कम्पनीले मर्मत गर्नुपर्ने हुँदा राम्रो गर्नुपर्ने छ। उहाँले भन्नुभयो, "अरु धेरै ठेक्कामा एक वर्ष मर्मत गरेपछि त्यो कटाएर जाने थियो।" पहिलो ठेक्कामा एक सय ४१ स्ल्याब कल्भर्टमध्ये १८ मा काम भइरहेको छ। चार सम्पन्न भइसकेको छ। त्यस्तै, २५ बक्स कल्भर्टमध्ये आठ वटामा काम भइरहेको र दुई सम्पन्न भएको छ।

सो खण्डमा २४ माइनर (साना) पुलमध्ये तीन सम्पन्न भइसकेको र तीन ठूला पुलमध्ये एक निर्माणाधीन छ। अहिलेसम्म २५ दशमलव तीन किमीमा माटो काटी सडक विस्तार भएको र टेवा पर्खालको काम भइरहेको छ। पश्चिम खण्ड (जामुने भञ्याङदेखि पोखरा पृथ्वीचोकसम्म) निर्माणको ठेक्का चिनियाँ कम्पनी 'एनहुई केयुयन हाइवे एण्ड ब्रिज' कम्पनी लिमिटेडलाई विसं २०७८ जेठ ३ गते दिइएको थियो। जम्मा ३८ दशमलव ८८ किमीमध्ये १८ दशमलव ५९ किमी सहरी क्षेत्र र २० दशमलव २९ किमी गैर सहरी क्षेत्र छ। सो खण्डमा एक दशमलव आठ किमी सडकमा माटो काटी सडक विस्तार गर्नुपर्नेछ।

अवधि केही गए पनि काम आशा गरिए अनुसार नभएको विभागले जनाएको छ। यो ठेक्कामा पनि निर्माण, मर्मत र सम्भार गरी नौ वर्ष समय छ। दोस्रो ठेक्कामा हालसम्मको प्रगति एक प्रतिशत र वित्तीय प्रगति मोबिलाइजेशन पेश्कीसहित सात दशमलव पाँच प्रतिशत छ। सो खण्डमा ७८ स्ल्याब कल्भर्ट, ३५ बक्स कल्भर्ट र साना र ठूला पुल निर्माणको तयारी अघि बढेको योजनाले जनाएको छ। अपेक्षा गरिएकोभन्दा न्यून प्रगति हुनुको कारण कोभिड सङ्क्रमण पनि रहेको विभागका महानिर्देशक थापाले बताउनुभयो। निर्माणको काम सुरु भएपनि चीनबाट दक्षजनशक्ति र उपकरण ल्याउन बाधा भएको जनाइएको छ। दोस्रो लहरको समयमा कतिपय कामदारलाई सङ्क्रमण देखिएकाले कार्यरत कामदार घट्दै गएका थिए। तेस्रो लहरको समयमा पनि कामदार घटेको र उपकरण ल्याउन नसकिएको उहाँले बताउनुभयो। निर्माण व्यवसायीबाट समयमानै आवश्यक स्रोतसाधन जुटाउन नसकेको महानिर्देशक थापाले बताउनुभयो। परामर्शदाताको निर्देशन ढिला गरी पालना गर्ने गरेको र पटक-पटक प्रतिबद्धता पेश गर्ने तर पूरा नगर्ने हुँदा समस्या देखिएको छ। निर्माणस्थलमा विद्युत् प्राधिकरणको प्रशारण लाइन र वितरण लाइन दुवै छ। विद्युतीय संरचनाको स्थानान्तरण भइरहेको छैन। प्राधिकरणका कार्यकारी निर्देशकसँग कुरा भइरहेको महानिर्देशक थापाले बताउनुभयो। सो कामका लागि हाल लागत अनुमान प्राप्त नभएको उहाँले बताउनुभयो।

त्यस्तै, खानेपानीको संरचना हटाउन पनि समस्या रहेको योजनाले जनाएको छ। जामुनेदेखि सेती नदी पुलसम्म सडकको स्तरोन्नति गर्न सो क्षेत्रमा खानेपानी संस्था र उपभोक्ता समितिका पाइप लाइन तथा संरचना रहेका छन्। उहाँले भन्नुभयो, "सबै संस्था र समितिबाट योजनाबाटै तीनको स्थानान्तरण गरिनुपर्ने माग भएको र हाल स्थानान्तरणको लागत सङ्कलन भइरहेको छ।" सडक चौँडा गर्ने क्रममा ढुङ्गा र माटो निस्के पनि निर्माण सामग्रीमा स्थानीय तहबाट 'हाम्रो हो' भनेर रोयल्टी माग भएको र ढुवानी गर्दा पनि शुल्क तिर्नुपर्ने अवस्था रहेको महानिर्देशक थापाले बताउनुभयो। सो विषयमा जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयमार्फत स्थानीय सरकारसँग पटक-पटक छलफल हुँदासमेत समाधान हुन नसकेको उहाँले बताउनुभयो। सडक निर्माणका लागि अत्यधिक मात्रामा नदीजन्य सामग्री आवश्यक पर्ने र सेती नदी तथा आसपासका क्षेत्रबाट निर्माण सामग्री उत्खनन गर्ने उल्लेख छ। स्थानीय तहबाट सो सामग्रीको ठेक्कापट्टा हुँदा योजनालाई निर्माण सामग्रीको अभाव हुने देखिएको महानिर्देशक थापाले बताउनुभयो। त्यसले गर्दा ढिलाइ हुने अवस्था छ। उहाँले भन्नुभयो, "यहाँ मात्रै होइन देशभरमानै नदीजन्य सामग्री पाउन गाह्रो हुँदा निर्माणमा समस्या छ।" अमरसिंह चोकदेखि विजयपुर पुलसम्मको सडकमा उत्तरतर्फको ठूलो क्षेत्रमा आकाशे पानी तथा नहर र कुलोको पानी सडकमा नै आउने अवस्था छ। सडकको दक्षिणी भेगमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण अन्तिम चरणमा रहेकाले पानीको 'क्रसिङ' गर्नसक्ने अवस्था छैन। अहिले वर्षाको समयमा आबुखैरेनीदेखि मुग्लिनसम्म ठाउँठाउँमा पहिरो जाने ठाउँ रहेकाले त्यसको समाधान गरिने छ। पानी जम्ने र नाली थुन्ने समस्या रहेकाले सडक भासिने हुँदा व्यवसायीले खुलाइरहेका छन्।

# थप आठ सय ५२ मा कोरोना सङ्क्रमण पुष्टि

**रासस**
**काठमाडौं, १ भदौ**

देशभर पछिल्लो २४ घण्टामा थप आठ सय ५२ मा कोभिड सङ्क्रमण पुष्टि भएको छ।

पछिल्लो २४ घण्टामा छ हजार तीन सय ८३ को नमूना परीक्षण गरिएको थियो। तीन हजार आठ सय ७६ ले पिसिआर र दुई हजार पाँच सय सात जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। गत २४ घण्टामा तीन सय २८ कोरोना सङ्क्रमणमुक्त भएका छन्। यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ७६ हजार नौ सय ३७ पुगेको छ। सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार चार सय ६२ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ९० पुगेको छ। होम आइसोलेसनमा पाँच हजार दुई सय ५९, संस्थागत आइसोलेसनमा दुई सय तीन, आइसियुमा ५९ र भेन्टिलेटरमा सात जना सङ्क्रमित रहेका छन्।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा दुई सय बढी सङ्क्रमित रहेको जिल्लामा कैलाली रहेको छ। शून्य सङ्क्रमित रहेका जिल्लामा पाँचथर, मनाङ, कालीकोट, हुम्ला, डोल्पा, जुम्ला र मुगु रहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा दुई हजार छ सय ३२, ललितपुर आठ सय ६० र भक्तपुरमा एक सय ११ सक्रिय सङ्क्रमित रहेका छन्। कूल सङ्क्रमणदर १७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।